# स्थानीय राजपत्र

बेसीशहर नगरपालिकाद्धारा प्रकाशित

खण्ड १, संख्या २५, फागुन २६ गते, २०७५ साल

**स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

# भाग २

## बेसीशहर नगरपालिका महिला नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७५

**प्रस्तावना** :

नेपालको संविधान एवं प्रचलित कानूनले सबै प्रकारका लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख गरे अनुसार समग्र महिलावर्गको सीप तथा क्षमता विकास, आर्थिक सशक्तीकरण एवं नीतिनिर्माण तहमा पहुंच अभिवृद्धि गरी लैगिक दृष्टिले समानतामा आधारित सुरक्षित एवं न्यायपूर्ण समाजको निर्माण गर्न तथा संविधानद्वारा प्रदत्त महिलाहकको कार्यान्वयनमा समेत सहयोग पुऱ्याउने उद्धेश्यले बेसीशहर नगरपालिकाले "महिला बेसीशहर नगर समन्वय समिति(गठन तथाकार्यसञ्चालन) कार्यविधि, २०७५"तर्जुमा गरी लागु गरेको छ।